# नरहरिनाथ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल


पत्र संख्या :२०८३/०८४ मिति :२०८३/०६/१६

चलानी नं. : –

नेपाल सम्बत ११४६

## जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव आह्वानको सूचना !!!

प्रथम पटक प्रकाशित सूचना मिति: २०८३/०६/१६

प्रस्तुत विषयमा नेपाल सरकार महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको आ.व. २०८३/०८४ को सशर्त अनुदान जीविकोपार्जन सुधार कार्यक्रम संचालन गर्नको लागि इच्छुक संस्थाले **२५जना लक्षित महिला सहभागिलाई कम्तीमा ५ दिने तालिम प्रदान** गर्ने गरी कार्यक्रमको **अवधारणा पत्र र व्यावसायिक योजना** सहितको **प्रस्ताव अनुसूची ४ बमोजिमको ढाँचामा** तपसिल बमोजिमको कागजात सहित सूचना प्रकाशन भएको मिति देखि १५ दिन भित्र कार्यालय समयमा यस नरहरिनाथ गाउँकार्यपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**क) प्रस्ताव पेश गर्दा देहायको विवरण खुलाई कागजात संलग्न गरेको हुनुपर्नेछ :.**

१) संस्थाको विधान वा उद्देश्य, परिचय, कार्यसञ्चालन प्रक्रिया, भौतिक तथा वित्तिय श्रोत सम्बन्धी विवरण,

२) प्रस्तावित व्यवसायको अवधारणा पत्र, व्यवसायको क्षेत्र, तालिम अबधि र श्रोत परिचालन सहितको व्यावसायिक योजनाको विवरण,

३) प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

४) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा लेखापरिक्षण प्रतिवेदन,

५) प्रस्तावित कार्यक्रममा संस्थाद्धारा गरिने योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको श्रोत सहितको यथार्थ विवरण,

६) कालो सूचिमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्व: घोषणा पत्र,

७) तालिममा सहभागी लक्षित महिलाको लागि **अनुसूची ५ बमोजिमको** ढाँचामा कृषि, पशुपालन तथा उत्पादनमुलक क्षेत्र, पर्यटन तथा आतिथ्यता क्षेत्र र गैह्र कृषि क्षेत्र मध्ये एउटा क्षेत्र छनोट गरी **व्यावसायिक योजना पेश** गर्नु पर्नेछ ।

८) व्यावसायिक योजना पेश गर्दा संस्थाले लक्षित समुदायका महिलाको आयआर्जन, जीविकोपार्जन सुधार तथा आर्थिक सशक्तीकरण हुने कार्यान्वयन कार्ययोजना समेत संलग्न गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।

९) प्रस्तावना पेशको लागि **रु.१०००।** राजश्व तिरेको रसिद अनिवार्य पेश गर्नु पर्नेछ ।

**ख) अन्य व्यवस्था**

- प्राप्त प्रस्तावहरु मुल्याङ्कन तथा छनोट सिफारिस समितिबाट अध्ययन तथा मुल्याङ्कन गरी छनोट गरिनेछ ।
- अपूर्ण तथा ढिलो प्राप्त भएका प्रस्तावहरु स्वत अमान्य हुनेछन् ।
- थप जानकारीको लागि गाउँपालिकाको महिला तथा बालबालिका शाखामा सम्पर्क गर्न सकिनेछ ।
- कार्यक्रम सञ्चालनको प्रस्ताव आह्वानको सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भई कार्य सञ्चालन गरिरहेकोले मात्र प्रस्ताव पेश गर्न सक्नेछ ।

२०८३।०६।१६

लोक बहादुर नेपाली

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री सूचना प्रविधि शाखा

नरहरिनाथ गाउँपालिका को Websiteमार्फत दिनु हुन

नरहरिनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या :२०८३/०८४
चलानी नं. :–

मिति :२०८३/०६/१६
नेपाल सम्बत ११४६

## सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा यस नरहरिनाथ गाउँपालिकामा जीविकोपार्जन सुधार कार्यक्रम अन्तरगत सीप तथा व्यावसायिक विकास तालिम सञ्चालन गर्ने भएकाले तपसिल बमोजिमका इच्छुक लक्षित महिलाले यस गाउँपालिकामा १५ दिन भित्र निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं | लक्षित महिला | आवश्यक कागजात |
|---|---|---|
| १ | विपन्न वा बहुविपन्न महिला | नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र सम्वन्धित वडाको सिफारिस पत्र |
| २ | एकल महिला | नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र श्रीमान् को मृत्यु दर्ताको प्रमाणपत्र |
| ३ | हिंसा पीडित, मानव बेचविखन तथा ओसारपसारबाट पीडित / प्रभावित महिला | नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र हिंसा पीडित भएको खुल्ने कागज |
| ४ | कृषि बाहेक अन्य कुनै नियमित रोजगारी / आय आर्जनका श्रोत नभएको परिवारका महिला | नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित वडाको सिफारिस पत्र |
| ५ | भूमिहिन महिला तथा दलित समुदायका विपन्न महिला | नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित वडाको सिफारिस पत्र |
| ६ | अपाङ्गता भएका महिला | नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र यस गाउँपालिकाबाट प्रदान गरिएको अपाङ्गता परिचय पत्रको प्रतिलिपि |
| ७ | लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्ति | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि |

नोट: विपन्नताको आधारमा मुल्यांकन समितिबाट सहभागी छनोट गरिनेछ ।

२०८३-०६-१६
लोक बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत